राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Monthly Publication

Volume 23, Issue 1 No. 155 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Shrawan 2080 (July-August 2023)

## मधेश प्रदेशमा कम्पनीका सेवा बारेमा व्यापक अन्तरक्रिया सम्पन्न




मधेश प्रदेशको जनकपुरधाम र सिमरामा नेपाल टेलिकमको सेवा सम्बन्धी जानकारी एवं अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। गत साउन ५ गते जनकपुरधाम र साउन ६ गते सिमरामा सो कार्यक्रम सम्पन्न भएको हो। उक्त अवसरमा मधेस प्रदेशमा नेपाल टेलिकमको सेवा सम्बन्धी संघ, प्रदेश र स्थानीय निकायका जनप्रतिनिधिहरुसँग विभिन्न विषयमा छलफल भएको थियो।

कार्यक्रमको प्रमुख अतिथिको रुपमा बोल्दै सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले प्रदेशमा प्रभावकारी र गुणस्तरीय दूरसञ्चार सेवा उपलब्ध गराउनका लागि जनप्रतिनिधिसँग आवश्यक सहकार्य गर्न आग्रह गर्नुभयो। उहाँले यसका लागि आवश्यक योजना बनाउन र डिजिटल डिभाइडलाई न्यूनीकरण गर्नका लागि निर्देशन दिनुभयो। सरकारले प्रत्येक प्रदेशका कम्तीमा दुई जिल्लालाई पूर्ण दूरसञ्चारयुक्त जिल्ला बनाउने योजनाका साथ कार्य गरिरहेको र क्रमश: सबै जिल्लालाई पूर्ण दूरसञ्चारयुक्त बनाइने उहाँले बताउनु भयो।

राजमार्ग क्षेत्रमा दैनिक लाखौं यात्रुको आवागमन हुने भएकाले उनीहरुले फोन र इन्टरनेट प्रयोग गर्दा दूरसञ्चारको कारोबार पनि बढी हुने भएकाले व्यापारिक दृष्टिकोणबाट पनि दूरसञ्चार सेवा बढाउनु पर्ने आवश्यकता देखिएको उहाँले स्पष्ट गर्नुभयो।

मधेश प्रदेशका पर्यटन मन्त्री सुनिता यादवले सरकारी निकायले नै सबै क्षेत्रमा सेवा पुऱ्याउनु पर्छ भन्ने मान्यता जनतामा रहेको र यसका लागि छिटो छरितो रुपमा सेवा उपलब्ध गराउनु पर्ने बताउनु भयो।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव एवं कम्पनी सञ्चालक समितिका तत्कालीन निमित्त अध्यक्ष बाबुराम भण्डारीले नेपाल टेलिकमलाई कस्तो बनाउने र कता लैजाने भन्ने विषयमा महत्वपूर्ण सुझाव प्राप्त गरेको बताउँदै सुझाव र निर्देशनका लागि आभार व्यक्त गर्नुभयो।

नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले दूरसञ्चार सेवाको उपभोग गर्न पाउनु सबैको अधिकार भएको र यसका लागि समन्वयको भूमिकामा प्राधिकरण रहेको बताउँदै मधेश प्रदेशका राजमार्ग लगायतका स्थानमा टावर लगायतका संरचना निर्माणमा समन्वय गरिदिनका लागि जनप्रतिनिधिहरुको भूमिका हुने बताउनु भयो।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक सुनिल पौडेलले कम्पनीले भरपर्दो र गुणस्तरीय सेवा प्रदान गर्न चालु

(बाँकी २ पेजमा)

## समर अफर अन्तर्गत आकर्षक प्याकेज उपलब्ध

नेपाल टेलिकमले गत असार २९ देखि लागु हुनेगरी समर अफर (Summer Offer) उपलब्ध गराएको छ। यसमा सेवाग्राहीको रुचि र चाहना बमोजिम केही नयाँ प्याकेजसहितका अफरहरु उपलब्ध गराइएको छ। त्यसैगरी एफटीटीएच, नमस्ते वाईफाई, सीयूजी लगायत विभिन्न भ्वाइस तथा डाटा प्याकेजहरुलाई थप आकर्षक बनाइएको छ।

### समर अफर अन्तर्गत उपलब्ध प्याकहरु

- अल टाइम डाटा प्याक अन्तर्गत रु. ५०० मा २८ दिनसम्म प्रयोग गर्न सकिने १२ जीबी डाटा प्याक उपलब्ध भइरहेकोमा अब २० जीबी र रु. ८०० मा २५ जीबी उपलब्ध भइरहेकोमा अब ३५ जीबी डाटा प्याक उपलब्ध हुनेछ।
- प्रिपेड सस्तो कम्बो प्याक अन्तर्गत सस्तो कम्बो २९९ प्याकमा १५० मिनेट अन नेट भ्वाइस कल, २ जीबी डाटा र २० एसएमएसको सुविधा उपलब्ध भइरहेकोमा अब सोही मूल्यमा २ जीबीको सट्टा ४ जीबी डाटा उपलब्ध हुनेछ।
- सजिलो अनलिमिटेड ७९९ प्याक अन्तर्गत सबै नेटवर्कमा अनलिमिटेड भ्वाइस कल उपलब्ध हुनेछ।
- Machine to Machine (M2M) सिमकार्डको प्रयोगलाई प्राथमिकतामा राखी यसका लागि विभिन्न प्याकेजको व्यवस्था गरिएको छ। यसमा ३० दिनसम्म प्रयोग गर्न सकिने विभिन्न दरको प्याकेज उपलब्ध हुनेछ।

कर्पोरेट वर्गमा लोकप्रिय सियुजी प्याक (CUG Pack) लाई थप आकर्षक बनाइएको छ। साथै, अनलिमिटेड डाटा प्याकमा प्रदान गरिँदै आएको Fair Usage Policy (FUP) बमोजिम तोकिएको परिमाण उपभोग पछि लागु हुने थ्रोटलिङ स्पिड (Throttling Speed) बढाइएको छ।

समर अफर अन्तर्गतका विभिन्न प्याकेज प्राप्त गर्नका लागि ग्राहकले *1415*1# डायल गर्नुपर्ने छ। कम्पनीको 'नेपाल टेलिकम' एपबाट पनि यस सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ। त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत यस सम्बन्धी विस्तृत जानकारी प्राप्त गर्न र सेवा खरिद गर्न सकिन्छ।

(१ पेजको बाँकी)

# मधेश प्रदेशमा कम्पनीका सेवा ...

आर्थिक वर्ष २०८०।८१ मा मर्मत संभार कार्यलाई विशेष सेवाको रुपमा विकास गर्न आवश्यक रणनीति तथा कार्यक्रमहरु तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने बताउनु भयो । मधेश प्रदेशका कुल ५५० भन्दा बढी स्थानबाट कम्पनीले जीएसएम प्रविधिको सेवा उपलब्ध गराइरहेको र ३० भन्दा बढी स्थान (OLT) बाट एफटीटीएच वितरण गरिरहेको जानकारी दिनुभयो । उहाँले मधेश प्रदेशमा जनसंख्या धेरै भएको र यसको अनुपातमा कम्पनीका प्रयोगकर्ता समेत बढाउनका लागि आवश्यक सहकार्य गर्न आग्रह गर्नुभयो ।

नेपाल टेलिकम, प्रादेशिक निर्देशनालय वीरगञ्ज, मधेश प्रदेशका निर्देशक अमुल प्रधानले कम्पनीले सो प्रदेशमा उपलब्ध गराइरहेको सेवा र आगामी योजनाका बारेमा जानकारी दिनुभयो । आगामी दिनमा ग्राहकको सबै गुनासो प्रदेश स्तरमै समाधान गर्ने लक्ष्यका साथ कार्य भइरहेको बताउँदै उहाँले ग्राहक सेवा केन्द्रलाई चुस्त दुरुस्त बनाई अझै गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

नेपाल दूरसञ्चार प्राधिकरणका निर्देशक अर्जुन घिमिरेले आम उपभोक्ताले प्रयोग गर्ने दूरसञ्चार सेवा गुणस्तरीय बनाउनु कम्पनीको दायित्व भएको र यसका लागि प्राधिकरणले नियामकको रुपमा सधै सहयोग गर्ने बताउनु भयो ।

सो अवसरमा कम्पनीले उपलब्ध गराइरहेका विभिन्न सेवाहरुको वारेमा उप-प्रबन्धक नवल चौधरी र ब.ई. बन्टी श्रेष्ठ, कम्पनीका सेवाहरु विदेशमा समेत प्रयोग गर्न सकिने रोमिङ सेवाको वारेमा उप-प्रबन्धक समिर बहादुर श्रेष्ठ र मधेश प्रदेशमा नेपाल टेलिकमको सेवाको अवस्था वारेमा उप-प्रबन्धक निरञ्जन घिमिरेले प्रस्तुतिकरण गर्नुभएको थियो ।

अन्तरक्रियाको अवसरमा जनप्रतिनिधिहरुले नेपाल टेलिकमको सेवा वारेमा आफ्नो धारणा व्यक्त गर्नुका साथै यसलाई प्रभावकारी बनाउने वारेमा आफ्नो अनुभव प्रस्तुत गर्नुभएको थियो । जनप्रतिनिधिहरुले राखेका विभिन्न जिज्ञासाको वारेमा मन्त्री शर्माका साथै कम्पनीका प्रबन्ध निर्देशक सुनिल पौडेल तथा प्रमुख व्यावसायिक अधिकृत संगीता पहाडी, प्रमुख सञ्चालन अधिकृत झविन्द्रलाल उपाध्याय, वायरलेस सेवा निर्देशनालय निर्देशक मिनु प्रधान लगायतले स्पष्ट पार्नुभएको थियो ।

कार्यक्रममा पूर्वमन्त्री कृष्णकुमार श्रेष्ठ र ज्वालाकुमारी साह, संघ र प्रदेशका सांसदहरु, स्थानीय निकायका प्रमुखहरु र अन्य क्षेत्रका व्यक्तित्वहरुको समेत सहभागिता रहेको थियो । कार्यक्रम अन्तर्गत पहिलो दिन मधेश प्रदेशका पूर्वी क्षेत्रमा रहेका चार जिल्ला सप्तरी, सिराहा, धनुषा र महोत्तरीका जनप्रतिनिधिसँग टेलिकमका सेवा सुविधाबारे जनकपुरमा छलफल गरिएको थियो । त्यसैगरी अर्को दिन बारा, पर्सा, रौटहट र सर्लाहीका प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य र पालिका प्रमुख तथा प्रतिनिधिहरुले आफ्नो क्षेत्रमा भएको टेलिकमका सेवा सुविधाबारे जानकारी गराउँदै सुधारका लागि सुझाव दिनुभएको थियो ।











# NTCWU को ३२औं वार्षिकोत्सव सम्पन्न

नेपाल टेलिकम वर्कर्स युनियन (NTCWU) ले 'श्रमशक्ति नै राष्ट्र शक्ति हो, श्रमको सम्मान गरौं' भन्ने मूल नाराका साथ स्थापनाको ३२औं वार्षिकोत्सव विभिन्न कार्यक्रमको आयोजना गरी सम्पन्न गरेको छ ।

गत साउन ७ गते कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित वार्षिकोत्सव कार्यक्रममा अर्थमन्त्री तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् प्रवक्ता डा. प्रकाश शरण महतले प्रविधिमा भएको परिवर्तन अनुसार कम्पनीले आफूलाई पनि परिवर्तन गर्नुपर्ने बताउँदै स्वास्थ्य र शिक्षा क्षेत्रमा डिजिटल प्रविधिको उपयोग गरी लागत घटाउनुपर्ने आवश्यकता रहेको बताउनु भयो । टेलिकमको क्षमता अभिवृद्धिका लागि व्यवस्थापन र कर्मचारीको एउटै लक्ष्य हुनुपर्नेमा मन्त्री महतको जोड थियो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव एवं कम्पनी सञ्चालक समितिका तत्कालीन निमित्त अध्यक्ष बाबुराम भण्डारीले कम्पनीमा कार्यरत कर्मचारीको उत्प्रेरणा अभिवृद्धि गर्न प्रतिबद्ध रहेको बताउँदै सेवाग्राही सन्तुष्ट हुनेगरी काम गर्न आग्रह गर्नुभयो । उहाँले विभिन्न चासोलाई आत्मसात गर्दै कर्मचारीका वृत्तिविकास लगायतका विषयमा सञ्चालक समिति गम्भीर रहेको धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक सुनिल पौडेलले आगामी वर्षका लागि कम्पनीले सेवा विस्तार र गुणस्तर सुधारलाई प्राथमिकतामा राखेको बताउँदै कर्मचारीका हकहितका सवालमा गम्भीर रहेको धारणा व्यक्त गर्नुभयो । उहाँले नेटवर्क विस्तारसँगै वितरण प्रणालीलाई चुस्त गराउन प्रतिबद्ध रहेको बताउँदै कम्पनीको समृद्धिका लागि सबैसँग हातेमालो गर्न तयार रहेको समेत बताउनु भयो ।

उक्त अवसरमा कम्पनी सञ्चालक समितिका सदस्य (कर्मचारी प्रतिनिधि) तथा युएनआई नेपालका अध्यक्ष शंकर लामिछानेले कम्पनीका कर्मचारीहरुको योगदानलाई ख्याल गरिदिन अनुरोध गर्दै राज्यलाई अर्बौं राजस्व बुझाउने कम्पनीलाई नजरअन्दाज नगरिदिन आग्रह गर्नुभयो ।

उक्त कार्यक्रममा नेपाल ट्रेड युनियन कांग्रेस राष्ट्रिय समितिका अध्यक्ष योगेन्द्र कुँवर, नेपाल सार्वजनिक सेवा कर्मचारी संघ राष्ट्रिय समितिका अध्यक्ष राजेन्द्र दाहाल, नेपाल ट्रेड युनियन कांग्रेस राष्ट्रिय समितिका कोषाध्यक्ष सञ्जय कुमार दाहाल, नेपाल ट्रेड युनियन कांग्रेस राष्ट्रिय समितिका सदस्य कृष्ण प्रसाद अर्याल, नेपाल टेलिकम वर्कर्स युनियन (NTCWU) का सल्लाहकार मनिल ओझा र निवर्तमान अध्यक्ष राजेन्द्र प्रसाद जोशी, नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी संगठन (NTEAN) का अध्यक्ष मोहन प्रसाद फुयाल र नेपाल राष्ट्रिय कर्मचारी संगठन नेपाल टेलिकम (NEONNT) का अध्यक्ष दामोदर केसीले शुभकामना सहित वर्तमान अवस्थामा कम्पनीका चुनौती तथा यसका लागि युनियन र व्यवस्थापनले खेल्नुपर्ने भूमिकाका बारेमा आ-आफ्ना धारणा राख्नु भएको थियो ।

वार्षिकोत्सव कार्यक्रम नेपाल टेलिकम वर्कर्स युनियन (NTCWU) का अध्यक्ष सुरेश रौनियारको अध्यक्षतामा सम्पन्न भएको थियो । अध्यक्ष रौनियारले वर्तमान प्रतिस्पर्धात्मक अवस्थामा कम्पनीले वितरण गरेको सेवाको गुणस्तरलाई थप प्रभावकारी बनाउनु पर्ने र यसका लागि गर्नुपर्ने आवश्यक कार्यको वारेमा धारणा राख्नुभयो ।

कार्यक्रममा प्रादेशिक निर्देशनालय काठमाडौं, बागमती प्रदेश अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीका सन्तति मध्ये २०७८ र २०७९ सालको एसईईमा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने एक-एक जना छात्र तथा छात्रालाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो । त्यसैगरी वार्षिकोत्सवको अवसरमा आयोजना गरिएका विभिन्न अतिरिक्त क्रियाकलापका विजेता तथा रक्तदान कार्यक्रममा सहभागीहरुलाई पुरस्कार तथा प्रमाणपत्र समेत वितरण गरिएको थियो । सो कार्यक्रममा युनियनको वेबसाइट समेत सफ्ट लन्च गरिएको थियो ।

## गोंगबु एक्सचेन्जका सम्पूर्ण लाइन अब एफटीटीएचमा



गत असार २९ गते एक कार्यक्रमका बीच गोंगबु E10MM एक्सचेन्ज अन्तर्गत सञ्चालित सम्पूर्ण टेलिफोन लाइनहरुलाई एफटीटीएच प्रविधिमा स्तरोन्नति गर्ने कार्य सम्पन्न भएको छ। दूरसञ्चार कार्यालय गोंगबुका कार्यालय प्रमुख निर्मल घिमिरेले पुरानो E10MM एक्सचेन्ज बन्द गरी सम्पूर्ण कपर टेलिफोन लाइन अप्टिकल फाइबरमा रुपान्तरण भइसकेको घोषणा गर्नुभयो।

गोंगबु E10MM एक्सचेन्ज अन्तर्गत गोंगबु, छाउनी र नक्सालका साथै तातोपानी, खाडीचौर, लामोसाँघु, दोलालघाट र बाहुबिसे एवम् मनाङ, जोमसोम, मुगु र हुम्लामा समेत गरी करिब १५ हजार भन्दा बढी कपर लाइन सेवा सञ्चालनमा रहेका थिए। २०६२ सालमा जडान भई सञ्चालनमा रहेको सो एक्सचेन्जबाट टेलिफोन र एडीएसएल सुविधा सञ्चालित थिए। अब उक्त सम्पूर्ण स्थानमा एफटीटीएच प्रविधिमार्फत अत्याधुनिक प्रविधिको टेलिफोन, इन्टरनेट र टेलिभिजन सेवा उपलब्ध भएको छ।

## सुर्खेत एक्सचेन्ज एफटीटीएचमा रुपान्तरण



गत साउन ५ गते सुर्खेतमा अवस्थित कर्णाली प्रदेशकै सबैभन्दा ठूलो टेलिफोन एक्सचेन्जबाट वितरित सम्पूर्ण टेलिफोन लाइनलाई एफटीटीएच प्रविधिमा रुपान्तरण गर्ने कार्य सम्पन्न भएको छ। एक कार्यक्रम बीच नेपाल टेलिकम, प्रादेशिक निर्देशनालय सुर्खेत, कर्णाली प्रदेशका निर्देशक उमेश प्रसाद साहले स्विचको पावर अफ गरी पुरानो प्रविधिको कपर उपकरण बन्द गर्नुभयो।

कर्णाली प्रदेश अन्तर्गत कालिकोट, जुम्ला, दैलेख जिल्लाको दैलेख र दुल्लु बजार तथा सल्यान जिल्लाको खलंगा शितलपाटी र कपुरकोटमा यस अघि नै सम्पूर्ण टेलिफोन लाइनहरु एफटीटीएच प्रविधिमा रुपान्तरण सम्पन्न भइसकेको छ।


## नाम्चे बजारमा फाइबर



देशकै उच्च आवादी मध्ये एक सोलुखुम्बुको नाम्चे बजारमा सञ्चानलमा रहेका ल्यान्डलाइन टेलिफोन सेवालाई रुपान्तरण गरी फाइबरमार्फत वितरण गर्ने कार्यको सुरुवात भएको छ। कम्पनीद्वारा कपरमार्फत वितरित सम्पूर्ण लाइनलाई फाइबरमा रुपान्तरण गर्ने नीति अनुरुप गत साउन १७ गते देखि सो क्षेत्रमा यो सेवा उपलब्ध गराइएको हो। हाल एउटा एफडीसीमार्फत सेवा उपलब्ध गराइएको नाम्चे बजारमा ५१२ ग्राहकलाई सो सेवा उपलब्ध गराउन सकिने छ। पहिले महंगो मूल्यमा इन्टरनेट चलाइरहेका सेवाग्राही अब यसबाट लाभान्वित हुने छन्।

## हुम्लाको नाम्खामा फोरजी





हुम्लाको उत्तरी नाम्खा गाउँपालिकामा पहिलो पटक नेपाल टेलिकमको फोरजी सेवा सञ्चालनमा आएको छ। यसबाट यो भन्दा पहिले प्रयोग हुँदै आएको महँगो इन्टरनेट शुल्क तिर्नुपर्ने बाध्यता हटेको छ। नेपाल टेलिकमले गाउँपालिका केन्द्र याल्वाङ नजिकको इलिङ लेकमा टावर जडान कार्य सम्पन्न गरी सो सेवा सञ्चालनमा ल्याएको हो।

यो क्षेत्रमा पहिले भीस्याट प्रविधिबाट सेवा उपलब्ध भएकोमा हाल नाराको लेकमा रहेको माइक्रोवेभ लिंकमार्फत मुचु र लिमीमा रहेका भीस्याटलाई विस्थापन गरी सेवा उपलब्ध गराइएको हो। गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत मोहनबहादुर शाहीले धेरै लामो प्रयासपछि पहिलो पटक गाउँपालिकामा नेपाल टेलिकमको फोरजी सेवा सञ्चालन हुँदा यसअघि रहेको महँगो शुल्क तिर्नुपर्ने बाध्यता हटेको बताउनु भयो।

गाउँपालिकाका ६ वडामध्ये फोरजी सेवा सुचारु भएसँगै वडा नम्बर १ देखि ५ का वासिन्दा इन्टरनेट सेवाको पहुँचमा जोडिएका छन्। फोरजी सेवाको तीव्र गतिका कारण कार्यालयहरुमा काम गर्न समेत सहज भएको बताइएको छ।

## बोङ्गादोभानमा कभरेज र गुणस्तर सुधार



बाग्लुङ जिल्ला तमानखोला गाउँपालिकाको केन्द्र बोङ्गादोभान बजारमा आवश्यक कार्य गरी मोबाइल सेवाको कभरेज तथा गुणस्तर बढाइएको छ। यसका लागि करिब ४ किलोमिटर फाइबर बोङ्गादोभान बीटीएसबाट बजार सम्म जडान गरी बजारमै थ्रीजीको एन्टेना/आरआरयु सिस्टम राखी सेवा सञ्चालनमा ल्याइएको छ। यस पश्चात सो बजार तथा गाउँपालिका केन्द्र क्षेत्रको मोबाइल सेवामा सन्तोषजनक सुधार भएको छ। यसबाट सो क्षेत्रका करिब ६० घरधुरी लाभान्वित भएका छन्। कम्पनीको सेवा वारेमा यो भन्दा पहिले आउने गुनासाहरु समेत यसबाट सम्बोधन भएका छन्।

## धेयामा स्थायी बीटीएस



मुस्ताङ जिल्लाको उपल्लो क्षेत्रमा रहेको विकट लो घेकर दामोदर कुण्ड गाउँपालिकाको करिब ४ हजार ४५० मिटर अग्लो धेया क्षेत्रमा अवस्थित धेया बीटीएसलाई स्थायी १२ मिटर टावर बनाउने कार्य सम्पन्न भएको छ। यो भन्दा पहिले यहाँ अस्थायी रुपमा विद्युतीय पोलमार्फत सेवा सञ्चालन भइरहेको थियो। सो टावरमा छिट्टै एन्टेना/आरआरयु लगायतका जीएसएम उपकरण स्थानान्तरण गर्ने कार्य अगाडि बढाइने छ।

## आईपी-सीडीएमए सेवा बन्द

नेपाल टेलिकमले २०८० असार मसान्त देखि लागु हुने गरी कम्पनीद्वारा सञ्चालित सीडीएमए सेवा बन्द गरेको छ। कम्पनीद्वारा विगत केही वर्ष अगाडि देखि नै सो सेवा बन्द गर्ने नीति घोषणा गरी उक्त सेवामा रहेका सम्पूर्ण ग्राहकलाई जीएसएम सेवामा स्थानान्तरण गर्ने कार्य जारी थियो। पूर्व निर्धारित लक्ष्य अनुरुप २०८० असार मसान्तबाट उक्त सेवा बन्द गरिएको हो।

नेपाल टेलिकमले २०६२ सालदेखि व्यावसायिक रुपमा प्रारम्भ गरेको वायरलेस प्रविधिमा आधारित सीडीएमए सेवाले देशका सुगम र दुर्गम स्थानका जनतालाई समेत सेवा उपलब्ध गराएको थियो। तर प्रविधिको विकाससँगै सबै स्थानमा जीएसएम प्रविधिको पहुँचसँगै सीडीएमए सेवालाई कम्पनीले बन्द गर्ने नीति लिएको छ।

प्रविधिको विकासक्रम अनुसार जीएसएमको प्रयोग बढ्दै गएको र सीडीएमए प्रविधिको थप अनुसन्धान र विकास नभई उपकरण उत्पादनमा समेत कमी आइरहेको अवस्थामा नेपालमा समेत यो सेवा बन्द गरिएको हो।

नेपाल टेलिकमले सीडीएमए प्रविधि प्रयोग गरिरहेका ग्राहकलाई लक्षित गरी आकर्षक प्याकेज समेत उपलब्ध गराउने व्यवस्था गरेको छ। यस अनुसार ग्राहकलाई सोही नम्बरमा एउटा अंक मात्र फरक पर्ने गरी जीएसएम प्रविधिको सिम उपलब्ध गराउने र ६ महिनासम्म निश्चित कल तथा डाटा र एसएमएस सुविधा समेत उपलब्ध गराएको थियो। ग्राहकहरुलाई नजिकको नेपाल टेलिकमको कार्यालयमा सम्पर्क राखी सेवा परिवर्तन गर्न समेत कम्पनीले पहिले देखि नै सूचना प्रवाह गरिरहेको छ।

# कर्पोरेट प्रयोगकर्ताका लागि नेपाल टेलिकमका विभिन्न उपयोगी सेवा

*नेपाल टेलिकमले कर्पोरेट क्षेत्रका प्रयोगकर्ताहरुले उपयोग गर्न सकिने विभिन्न सुविधाहरु उपलब्ध गराइरहेको छ । एउटै कार्यालयमा रहेका विभिन्न कर्मचारीहरुको समूहले एकै पटक धेरै संख्यामा प्रयोग गर्न सकिने यस्ता सेवाहरु उपयोगी समेत छन् ।*

नेपाल टेलिकमका वायरलेस र वायरलाइन सेवा अन्तर्गत यस्ता विभिन्न सुविधा उपलब्ध छन् । वायरलेस सेवा अन्तर्गत Prepaid/Postpaid Mobile, CUG, Pay on Behalf, Consolidated Account, SMS Services, Namaste WiFi, Gift Package Portal र Corporate CRBT प्रयोग गर्न सकिन्छ । त्यसैगरी वायरलाइन सेवा अन्तर्गत PSTN/FTTH, Lease Line, SIP PBX, Toll Free Phone, Audio Notice Board आदि प्रयोग गर्न सकिन्छ ।

सामान्य व्यक्ति सरह कर्पोरेट ग्राहकले पनि वायरलेस अन्तर्गत नेपाल टेलिकमका प्रिपेड र पोस्टपेड मोबाइल तथा वायरलाइन अन्तर्गत ल्यान्डलाइन र एफटीटीएच सेवा प्रयोग गरिरहेका छन् । भ्वाइस र डाटा सुविधाका लागि यी सेवाको प्रयोग गरिन्छ ।

## CUG (Corporate User Group)

कर्पोरेट युजर ग्रुप - सीयूजी (Corporate User Group-CUG) सेवालाई समय अनुसार परिमार्जन गर्दै अझै ग्राहकमैत्री बनाइएको छ । कुनै संस्था/कार्यालयमा आबद्ध न्यूनतम दशजना प्रिपेड वा पोस्टपेड मोबाइल प्रयोगकर्ताहरुलाई CUG समूहमा आबद्ध गराउन सकिने र यसबाट निकै नै कम मूल्यमा सेवा प्रयोग गर्न पाइने भएकाले प्रयोगकर्ताहरुको संख्यामा बढोत्तरी भइरहेको छ ।

CUG सेवामा आबद्ध सदस्यहरुबीच निःशुल्क रुपमा अनलिमिटेड भ्वाइस कल गर्न, सस्तो दरमा डाटा चलाउन र एसएमएस पठाउन सकिन्छ भने CUG मा आबद्ध नभएका नेपाल टेलिकमको नेटवर्क भित्रका अन्य नम्बरमा कुराकानी गर्न सकिन्छ । यसबाट ठूला दरका डाटा समेत चलाउन सकिन्छ भने प्रिपेड र पोस्टपेड दुवै सिममा प्रयोग गर्न सकिन्छ ।

कर्पोरेट ग्रुपमा आबद्ध सदस्यहरुको आवश्यकतालाई दृष्टिगत गरी प्रिपेडका लागि रु. १९६, रु. ३४९ र रु. ४८९ तथा पोस्टपेडका लागि रु. ४८९, रु. ९८० र रु. १४७० दरका विभिन्न सीयूजी प्याकेजहरु उपलब्ध गराइएको छ । आफूलाई आवश्यक प्याकेज खरिद गरेर यसको उपयोग गर्न सकिन्छ । कुनै पनि प्याकेज लिएर सो ग्रुपमा आफ्नो संस्था/कार्यालयमा आबद्ध न्यूनतम १० जना वा सो भन्दा बढी संख्यामा सदस्य समावेश गर्न सकिन्छ । सदस्यहरुबीच एकअर्काका नम्बरहरुमा अनलिमिटेड कल गर्न सकिन्छ ।

## Pay on Behalf

यो सुविधा अन्तर्गत एउटा एकाउन्ट भएको ग्राहकले अन्य एकाउन्टका ग्राहकको महसुल समेत तिर्न सकिन्छ । पोस्टपेडमा मात्र उपलब्ध यो सेवा अन्तर्गतको बिल तिरेको रसिद पनि त्यही बिल तिर्ने एकाउन्टको ग्राहकको नाममा आउछ । यसमा संलग्न गरिने एकाउन्टको संख्यालाई आवश्यकता अनुसार सीमित गर्न सकिन्छ ।


## Consolidated Account

यो सुविधा प्रयोग गरेर विभिन्न संख्यामा रहेका ग्राहकको बिल सिंगल एकाउन्टबाट तिर्न सकिन्छ । पीएसटीएन तथा जीएसएम पोस्टपेडमा उपलब्ध हुने यो सुविधा अन्तर्गत उपलब्ध हुने बिल स्टेटमेन्टमा भने फरक फरक ग्राहकको बिलको सारांश पनि उपलब्ध हुन्छ ।

## SMS Services

कर्पोरेट क्षेत्रले बल्क एसएमएस, ग्रुप एसएमएस, एसएमएस सर्टकोड र एसएमएस अलर्ट जस्ता विभिन्न एसएमएस सुविधा प्रयोग गर्न सक्छन् ।

बल्क एसएमएस एक प्रकारको ब्रोडकास्ट सर्भिस हो । स्कुल, कलेज, बिजनेस हाउस र अन्य संस्थाहरुले एकै सन्देश धेरै ग्राहकलाई एकै पटक पठाउनु परेमा यसको प्रयोग गर्न सकिन्छ । ग्रुप एसएमएस सेवाअन्तर्गत प्रयोगकर्ताले आवश्यकता अनुसार २ हजार, ५ हजार र १० हजार वटा मोबाइल नम्बरमा एकैपटक सन्देश पठाउन सकिन्छ । एसएमएस सर्टकोड प्रयोग गरी दोहोरो अन्तरक्रिया गर्न सकिन्छ । कुनै मोबाइलमा सर्टकोडमार्फत केही एसएमएस आयो भने एसएमएस पाउने ग्राहकले पनि सो जानकारीमूलक सामग्रीको बारेमा प्रतिक्रिया पठाउन वा थप जानकारीका लागि अनुरोध गर्न सक्छन् । विभिन्न परीक्षाका नतिजा थाहा पाउन, विभिन्न विषयवस्तु बारेमा पोलिङ गर्न, भोटिङ गर्न, क्विज सर्भिस सञ्चालन गर्न र आफ्नो व्यवसायको बजारीकरण वा प्रवर्द्धन गर्न समेत यो सेवा उपयोगी हुन्छ । विभिन्न मोबाइल नम्बरमा कुनै विषयवस्तुका बारेमा जानकारी दिनुपर्ने र अर्कोतिरबाट कुनै उत्तरको अपेक्षा नहुने अवस्थामा एसएमएस अलर्टको प्रयोग गर्न सकिन्छ ।




## Namaste WiFi

नेपाल टेलिकमको फोरजी सेवा उपलब्ध भएका देशभरका स्थानमा सिमकार्डको प्रयोग गरी चलाउन सहज हुने गरी वायरलेस होम ब्रोडब्यान्ड सेवा उपलब्ध छ । 'नमस्ते वाइफाई' ब्रान्ड नेममा उपलब्ध हुने उक्त सेवाका लागि आवश्यक सिमकार्ड र राउटर (CPE - Customer Premises Equipment) सहित कम्पनीले वायरलेस ब्रोडब्यान्ड प्याकेज बन्डलिङ गरेर उपलब्ध गराउँछ । ग्राहकले आफूलाई आवश्यकता अनुसार अनलिमिटेड डाटा मात्र वा भ्वाइस सहितको अनलिमिटेड डाटा प्याकेज प्रयोग गर्न सक्छन् ।

## Gift Package Portal

कर्पोरेट हाउसहरुले आफ्ना ग्राहकलाई भ्वाइस वा डाटा प्याकेजका आकर्षक गिफ्ट दिन सक्छन् । यसका लागि नेपाल टेलिकमले एउटा पोर्टल उपलब्ध गराउँछ र यसबाट आफ्ना ग्राहकको आवश्यकता अनुसारको प्याक छनोट गरी गिफ्ट दिन सकिन्छ । यसका लागि एउटा अफिसियल पोस्टपेड नम्बर हुनु पर्छ ।

## Corporate CRBT

कम्पनीको जिंगल वा महत्वपूर्ण कर्पोरेट जानकारी आफ्ना ग्राहकलाई दिनका लागि कर्पोरेट कलर रिङब्याक टोन प्रयोग गर्न सकिन्छ । कमसेकम २५ प्रिपेड वा पोस्टपेड ग्राहकलाई एकै पटक यो टोन उपलब्ध गराउन सकिन्छ ।

## Lease Line

दुई वा बढी स्थानमा रहेका एउटै संस्थाबीच कनेक्सन गर्नका लागि लिज लाइन कनेक्सन प्रयोग गरिन्छ । यसमा निश्चित ब्यान्डविथ सहितको डेडिकेटेड डाटा कनेक्सन सुविधा उपलब्ध हुन्छ । सो सेवामा इन्टरनेटको अपलिंक र डाउनलिंक क्षमता सधैं बराबर रहनुका साथै २४सै घण्टा निरन्तर डेडिकेटेड रूपमा उपलब्ध हुन्छ । यसमा इन्ट्रानेट र इन्टरनेट गरी दुई प्रकारको लिज लाइन उपलब्ध हुन्छ । वायरलाइन अन्तर्गत फाइबर टु द होम र वायरलेस अन्तर्गत रेडियोको प्रयोग गरी यो सेवा उपलब्ध गराइन्छ । यस अन्तर्गत अन्डरग्राउन्डबाट उपलब्ध गराइएको फाइबर केबुलमार्फत उपलब्ध हुने डार्क लिज सेवा समेत उपलब्ध हुन्छ ।

## SIP PBX

कार्यालयहरुमा एउटै टेलिफोन लाइनलाई धेरै लाइनको रुपमा प्रयोग गर्न सकिने सुविधा SIP PBX ले उपलब्ध गराउँछ । सम्पर्कका लागि धेरै नम्बर उपलब्ध गराउने कार्यालयका लागि यो सेवा उपयोगी हुन्छ । यसमा सबैका लागि एउटै नम्बर हुन्छ र यसलाई सिंगल फाइबर केबलले कनेक्ट गरिएको हुन्छ । यसले गर्दा धेरै ग्राहकले एकै पटक कल गर्दा पनि लाइन व्यस्त हुने समस्या हुँदैन ।

## Toll Free Phone

Toll Free Phone लाई Advance Free Phone Service (AFS) पनि भनिन्छ । Reverse Charging System अर्थात फोन गर्नेले नभई फोन उठाउने कार्यालयले महसुल तिर्नु पर्ने व्यवस्था नै यसको महत्वपूर्ण विशेषता हो । कुनै संस्थाले यो फोन जडान गर्ने र त्यसमा फोन गरे वापत ग्राहक अर्थात फोन उठाउनेले नभई सोही संस्थाले नै महसुल तिर्नु पर्ने हुन्छ । यसमा १८१०५ बाट नम्बर प्रारम्भ हुन्छ ।

## Audio Notice Board

नेपाल टेलिकमको मोबाइल वा ल्यान्डलाइन जुनसुकै नम्बर प्रयोग गरी कुनै कर्पोरेट ग्राहकले आफ्नो कुनै सूचना वा जानकारीमूलक सामग्री रेकर्ड गरेर नोटिस बोर्ड नम्बरमा राख्न सक्छन् । सो नम्बरमा कुनै नम्बरबाट कल गर्दा सो सूचना वा जानकारीमूलक सामग्री सुन्न सकिन्छ । कर्पोरेट ग्राहकले सहज तरिकाले कुनै सूचना वा जानकारीमूलक सामग्री रेकर्ड गर्न, सम्पादन गर्न वा हटाउन पनि सक्छन् ।

## Roaming Services

अन्य देशमा जाँदा/रहँदा समेत नेपाल टेलिकमकै मोबाइल नम्बर प्रयोग गर्न सकिने सुविधा नै अन्तर्राष्ट्रिय रोमिङ सेवा हो । यो सुविधा लिएपछि विदेश गएको समयमा पनि नेपाल टेलिकमकै मोबाइल नम्बर (सिम) प्रयोग गरी कल गर्न र फोन उठाउन, इन्टरनेट चलाउन तथा एसएमएस आदानप्रदान गर्न सकिन्छ । यसले गर्दा कर्पोरेट हाउसका जिम्मेवार व्यक्तिहरु ग्राहकसँग सधै सम्पर्कमा रहन सक्छन् ।

*नेपाल टेलिकमले कर्पोरेट ग्राहकलाई उच्च प्राथमिकता दिएर यस्ता विभिन्न सेवाहरु उपलब्ध गराइरहेको छ । यी सेवालाई समय समयमा परिमार्जन समेत गर्ने गरेको छ ।*

---

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: ntc.news@ntc.net.np फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, मासिक रूपमा प्रकाशित हुने यो Newsletter कम्पनीको website : www.ntc.net.np मा पनि उपलब्ध छ ।

Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section
Co-ordinator : Shobhan Adhikari Joint Co-ordinator : Parmatma Bhattarai

Editor : Umesh Raj Dahal
Editorial Team : Eka Raj Subedi, Meghanath Dhakal